नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय

# विद्युत विकास विभाग

## प्रशारण लाइन अनुमतिपत्र शाखा

सानोगौचरण, काठमाडौं

प.सं. :- ०८२/८३
च.नं. :- २३६२

मिति :- वि.सं. २०८३/०२/१३

ने.स. :- ११४६ अनलाथ्वः,११ बुधवार

विषयः नवलपुर हेलिओ सौर्य आयोजनाको स्वीचयार्ड — नवलपुर ३३ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको दरखास्त बारे।

श्री हेलिओ स्पार्क इनर्जी प्रा.लि.,
गट्ठाघर, भक्तपुर।

प्रस्तुत विषयमा तँहाबाट नवलपुर हेलिओ सौर्य आयोजनाको स्वीचयार्ड — नवलपुर ३३ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको लागि पेश गरेको दरखास्त उपर कारवाही हुँदा तपशिल बमोजिमका विवरणहरु संलग्न नदेखिएकोले १५(पन्ध्र) दिन भित्र पेश गर्नु हुन विभागको मिति २०८३/०२/१३ को निर्णयानुसार जानकारी गराईन्छ।

**तपशिलः**

१. प्रस्तावित ३३ के.भी. विद्युत प्रसारण लाइनको १.५ किलोमिटर क्षेत्रभित्रका विद्युत सम्बन्धि अन्य संरचनाहरु भए नभएको विवरण। यदि तेस्तो कुनै संरचना भए त्यो समेतको विवरण।
२. नापी विभागद्वारा प्रकाशित १:२५००० वा १:५०००० स्केलको स्थलरुप नक्शामा आयोजनाकोविस्तृत विवरण सहितको (Sending end and receiving end ) प्रस्तावित मुख्य र वैकल्पिक लाईन (तिन वटा रुट) समेत देखिने गरी रेखांकन गरिएको Route Alignment।
३. प्रवर्द्धक कम्पनीको विद्युत प्रसारण लाइनको सर्वेक्षण अनुमतिपत्रको लागि विभागमा निवेदन गर्ने आशयको सञ्चालक समितिको बैठकको निर्णयसहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना र अख्तियारीनामा प्राप्त व्यक्तिको परिचयपत्र एवं सम्पर्क नं. सहितको विवरण।
४. प्रस्तावित ३३ के.भी. विद्युत प्रसारण लाइन राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रमा पर्ने/नपर्ने तथ्य सहितको स्व-घोषणा पत्र।
५. यस आयोजनाको सर्वेक्षण कार्य गर्ने सम्वन्धमा प्रबर्द्धकर परामर्शदातृसंस्था बिचभएको सम्झौताको प्रमाणित प्रतिलिपि।
६. परामर्शदातृ संस्थाको कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, प्रबन्धपत्र र नियमावली को प्रमाणित प्रतिलिपि।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Sabitri Dhamala
sabitridhamala7@gmail.com

(सावित्री धमाला)
इलेक्ट्रीकल ईन्जिनियर